मिति: २०८२ मङ्सिर ११

# प्रेस विज्ञप्ति

मिति २०८२ मङ्सिर १० गते सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यूको स्वकीय सचिवालय तथा विज्ञ समूहबाट सोही मितिदेखि लागु हुने गरी युवा तथा सामाजिक विज्ञ प्रदिप ज्ञवाली, सूचना तथा प्रविधि विज्ञ अरुण कटुवाल र शाखा अधिकृत आकृति घिमिरेको नियुक्ति खारेज गरिएको जानकारी हामीलाई विज्ञप्ति मार्फत प्राप्त भयो ।

नागरिक सरकारको पहिलो सचिवालय विस्तारबाट नै काम सुरु गरेका हामी सबैलाई सो विज्ञप्तिबारे मङ्सिर १० गते बिहानदेखि नै केही गाईगुँई हल्ला त सुनेकै थियौँ तर अपेक्षित भने थिएन। संक्रमणकालीन समयमा बनेको सरकारले निकै द्रुत गतिमा काम गर्नुपर्ने थियो भन्ने हामी तीनै जनाको बुझाई थियो। यसकारण, अन्तरिम चुनावी सरकारको सामाजिक संजालदेखि मतदाता परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रमा जोड्ने, अन्तरजिल्ला निर्वाचन, बाह्य निर्वाचन, जेन्जी परिषद् गठन जस्ता हरेक काममा सक्रियता र इमान्दारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्यौं। तर पक्कैपनि सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा कार्यरत सल्लाहकारज्यू सहित जम्मा ५ जनाको समूहले मात्र सबै काम गर्न नसक्ने स्थिति भएपश्चात् जनशक्ति व्यवस्थापन सम्बन्धी पनि कुरा राखेका थियौ। सुरुवातदेखि नै सम्माननीय प्रधानमन्त्रीज्यूले सचिवालय विस्तारमा आनाकानी गरिरहनुभएको बारे भने हामी जानकार थियौं।

सचिवालय बिस्तारकै क्रममा, जब सम्माननीय प्रधानमन्त्रीका स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले नातावादलाई प्रशय दिँदै आफ्नै श्रीमती र अन्य आफन्तलाई समेत नियुक्ति गरेको खबर सन्चारमाध्यमहरुमा आए, त्यसले हाम्रो गम्भीर ध्यानाकर्षण गरायो। झन् त्यसपश्चात स्पष्टीकरणको ढाँचामा स्वकीय सचिवालयको लेटरहेडमै प्रकाशित अर्को विज्ञप्ति समेत आएपछि हामीले त्यसमा आफ्नो आपत्ति जनायौं । भदौ २३को जेनजी आन्दोलन सबैखाले भ्रष्टाचारका विरुद्ध थियो । जेनजी आन्दोलनको अग्रमोर्चामा रहेर हामीले पनि नैतिक भ्रष्टाचार, नातावाद र कृपावाद विरुद्ध नारा लगाएका थियौ । यसकारण जेनजी आन्दोलनपछि गठन भएको यो संक्रमणकालीन सरकार सन्चालनको क्रममा, आन्दोलनको मर्मविपरित नातावाद र कृपावादलाई प्रशय दिने नियुक्तिमा हाम्रो समर्थन रहने कुरै भएन। हामीले यसको आलोचना र विरोध दुबै गयौँ। तत्पश्चात् सम्माननीयज्यूलाई प्रमुख स्वकीय सचिव आदर्श कुमार श्रेष्ठले नै घेराबन्दीमा पारी प्रतिसोध साँधेर हामी तीन जनाकै नियुक्ति खारेजी गरिएको हो भन्नेमा कुनै दुविधा रहेन ।

'सम्पूर्ण टिम नै बदलिएको हो' भन्ने भावमा नियुक्तिहरु खारेज गरिएको भएतापनि हामीले आजसम्म सचिवालयमा नियुक्त भएका प्रमुख स्वकीय सचिव, प्रमुख सल्लाहकार, जनसम्पर्क सल्लाहकार, प्रेस सल्लाहकार र फोटोग्राफर बाहेक अरू कसैले कार्यालयमा काम गरेको देखेका थिएनौँ। हामीले उल्लिखित बाहेकका अन्य नियुक्त व्यक्तिहरुलाई न कहिल्यै बालुवाटारमा देख्यौ न सिंहदरबारमा । हामी तीनजनाले भने यो बिचमा एकदिन पनि गयल नभईकन हामीले आफ्नो काम अहोरात्र खटिएर गरेका छौँ। तर जब हामीले नातावादको विरोध गयौँ, तब मुख्य संदिग्धलाई नभई हामीलाई वर्खास्त गर्नुले सम्माननीय प्रधानमन्त्री कुनै एक व्यक्ति वा व्यक्तिगत स्वार्थसमूहको चंगुलमा परेको हामीलाई आभास भएको छ। त्यसका साथसाथै हामीले नागरिक सरकार गठन भएर नियुक्ति लिएपश्चात गरेको हाम्रो कामको समेत अवमूल्यन र अवहेलना भएको महसुस भएको छ ।

जसरी राज्यविहीनताको अवस्थामा सम्माननीय प्रधानमन्त्रीज्यूले देशको बागडोर सम्हाल्ने संकल्प गर्नुभयो, त्यो संकल्पको लागि आजपनि सराहना गर्दै हामी आदर्श कुमार श्रेष्ठको राजीनामा वा प्रधानमन्त्रीज्यूबाट उहाँलाई वर्खास्त गरिनुपर्ने आफ्नो मागमा भने दृढ रहेको जानकारी गराउँदछौ ।

सम्माननीय प्रधानमन्त्रीज्यूले आफूलाई स्वार्थसमूहको चंगुलबाट निकाल्नैपर्छ र देशलाई नयाँ निकासको बाटोतर्फ लैजानको लागि हिम्मतका साथ काम गर्नुपर्छ। आदर्श कुमार श्रेष्ठले गर्नुभएको गलत कामलाई समेत प्रशय दिने तरिकाले नातावादलाई संस्थागत गर्न जसरी प्रधानमन्त्रीको स्वकीय सचिवालयको लेटरहेडमा विज्ञप्ति आएको थियो, सो कुराको लागि प्रेस सल्लाहकार राम रावलज्यू समेत जवाफदेही हुनुपर्छ। जेनजी आन्दोलनको माग तानाशाहीपनको, निरंकुशताको र स्वेच्छाचारीताको विरुद्ध र सुशासन, जवाफदेही र पारदर्शिताका लागि थियो भन्ने बारे पनि हामी पुन: जानकारी गराउन चाहछौँ।

हामीलाई थाहा छ, देश अहिले गम्भीर संकटमा छ । यसबेला विभिन्न स्वार्थसमूहहरु चलखेल गर्न चाहिरहेका छन्। हामी सचिवालयमा हुनु र नहुनुले अर्थ नराख्ला तर यस्तो विषम परिस्थितिमा सरकारको वरिपरि को र कस्ता मानिसहरु कुन स्वार्थबाट प्रेरित भएर रहेका छन् भन्ने कुराबारे भने सम्माननीय प्रधानमन्त्रीज्यूले ध्यान दिनैपर्छ । संकटकालीन समयमा प्रधानमन्त्रीको सचिवालय सबैभन्दा बढी जवाफदेही र भरपर्दो हुनुपर्छ। अप्ठ्यारो समयले अप्ठेरो निर्णयहरुको माग गर्छ। यो समय सबैले देश र जनताको हितका लागि सोच्नैपर्ने टड्कारो समय हो। त्यसैले स्वयं प्रधानमन्त्री समेत चनाखो र सचेत बन्नैपर्छ। संविधानको दायरामा नै रहेर, देशलाई लोकतान्त्रिक निकाश दिने बाटोबाट नागरिक सरकार चुक्नुहुन्न।

जेनजी आन्दोलनले दिएको म्यान्डेटबाट पछि हट्ने छुट नागरिक सरकारलाई छैन। त्यसका लागि हामी पदमा नरहेपनि सदैव सहयोगी भूमिकामा रहने नै छौँ। तर हिजो हामीले सडकमा लडेको मुद्धा, स्वेच्छाचारिताको विरुद्ध थियो, नातावादको विरुद्ध थियो। सबैले हेक्का राख्नैपर्ने कुरा, हिजोको सरकार यिनै दम्भको कारण ढल्नुपरेको थियो। यही नै यथार्थ हो। यस सत्यलाई सदैव स्मरण गर्नुहुन समेत सम्बन्धित सबै सरोकारवाला पक्षलाई हामी आह्वान गर्न चाहन्छौँ।

अन्तरिम सरकारलाई लोकतान्त्रिक निर्णयहरुका लागि शुभकामना। देशले चाँडै लोकतान्त्रिक निकास पाओस्।

| | | |
|---|---|---|
| प्रदीप ज्ञवाली | आकृति घिमिरे | अरुण कटुवाल |